# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

प.सं. २०७५/७६
च.नं.: 2001

मिति : २०७६।२।१५

**विषय : मार्गदर्शन पठाइएको सम्बन्धमा ।**

श्री १ नं वडा कार्यालय, ठूलोधादिङ
श्री २ नं वडा कार्यालय, लिसंखु
श्री ३ नं वडा कार्यालय, वाफल
श्री ४ नं वडा कार्यालय, अत्तरपुर
श्री ५ नं वडा कार्यालय, जेठल
श्री ६ नं वडा कार्यालय ,पेट्कु
श्री ७ नं वडा कार्यालय, ठूलोपाखर

लिसंखु पाखर गाउँकार्यपालिकाको मिति २०७६।२।१३ गते सम्पन्न बैठकको निर्णयानुसार तयार भएको आगामी आ.व. ०७६/०७७ को वडागत बजेट सिलिङ , प्राथमिकीकरण र मार्गदर्शन/मापदण्ड तहाँ वडा कार्यालयमा पठाइएको छ । उक्त बजेट सिलिङ र मार्गदर्शन अनुसार वडा समितिको बैठकबाट योजना / कार्यक्रम प्राथमिकीकरण गरी निर्णय प्रतिलिपि सहित यही जेठ २५ गतेसम्म गा.पा. कार्यालयमा उपलब्ध गरी दिनुहुन निर्णयानुसार अनुरोध छ ।

पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ
श्रीमान् अध्यक्षज्यू
श्रीमान् उपाध्यक्षज्यू

संपर्क नं. : ०११६९११७, ०११६९१११८ ईमेल: lisankhupakharmun@gmail.com, website: www. lisankhupakharmun.gov.np

## वडास्तरीय कार्यक्रमका लागि बजेट सिलिङ

वडास्तरीय योजनातर्फ ४ करोड ५५ लाख मध्ये बाट ७ वटा वडालाई न्यूनतम ५० लाखका दरले ३ करोड ५० लाख प्रदान । बाँकी रु. १ कारोड ५ लाख बाट वडाको जनसंख्या, क्षेत्रफल र आन्तरिक आयमा योगदानको आधारमा सूत्रको माध्यमबाट औषतभार(weightage) निकाली तपसिल बमोजिमको सिलिङ निर्धारण गरिएको छ ।

तपसिल

| वडा नं | न्यूनतम रकम | सूत्रबाट प्राप्त रकम | जम्मा सिलिङ |
|---|---|---|---|
| १ | ५०,००,०००।- | १५४३०००।- | ६५,४३,०००।- |
| २ | ५०,००,०००।- | १७३७०००।- | ६७,३७,०००।- |
| ३ | ५०,००,०००।- | १४३६०००।- | ६४,३६,०००।- |
| ४ | ५०,००,०००।- | १५९४०००।- | ६५,९४,०००।- |
| ५ | ५०,००,०००।- | १४९५०००।- | ६४,९५,०००।- |
| ६ | ५०,००,०००।- | ९,५१,०००।- | ५९,५१,०००।- |
| ७ | ५०,००,०००।- | १७४४०००।- | ६७,४४,०००।- |
| | ३,५०,००,०००।- | १,०५,००,०००।- | ४,५५,००,०००।- |

**वडा समितिले योजना तथा कार्यक्रम छनौट गर्दा देहायका प्राथमिकता आधारमा छनौट गर्ने गरी प्राथमिकता निर्धारण गरिएको छ ।**

(१) जनसहभागीता जुट्ने , समयमा काम सम्पन्न हुने तथा बहुसंख्यक वडावासी लाभान्वित हुने योजना तथा कार्यक्रम ।

(२) स्थानीय स्रोत, साधन , श्रम र सीपको अधिकतम प्रयोग हुने योजना तथा कार्यक्रम ।

(३) रोजगारी सिर्जना, आयआर्जन हुने तथा गरिबी निवारणमामा टेवा पुऱ्याउने योजना तथा कार्यक्रम ।

(४) कृषि, पशु विकास, शिक्षा, स्वास्थ्य , सहकारी विकास लगाएत वडावासीलाई आधरभूत सेवा प्रदान गर्नुपर्ने योजना तथा कार्यक्रम

(५) संघ, प्रदेश र गा.पा.स्तरीय योजना कार्यक्रमका बीच सामञ्जस्यता ल्याउने तथा दोहोरोपना नहुने योजना तथा कार्यक्रम

(६) सम्भव भएसम्म अधुरा नरहने योजना तथा कार्यक्रम

(७) गत वर्ष सुरु भई अधुरा रहेका योजना तथा कार्यक्रम

**पूर्ण प्रसाद दुलाल**
**प्रमुख प्रशासकीय अधिकृत**

**सबै वडा समितिले योजना छनौट एवं प्राथमिकीकरण पालना गर्नुपर्ने मार्गदर्शन/मापदण्ड**

(१) रु. १५ लाख वा सोभन्दा बढी रकमको कम्तीमा १ वटा योजना छनौट गर्ने ।

(२) रु. १० लाख वा सोभन्दा बढी रकमको कम्तीमा २ वटा योजना छनौट गर्ने ।

(३) सडकका निर्माण र बिस्तार सम्बन्धी योजनाहरुमा रु ५ लाख वा सो भन्दा बढी विनियोजन गर्ने । तर अधुरो योजना पूर्ण रुपमा सम्पन्न हुने भए कम बजेट विनियोजन गर्न सकिने ।

(४) महिला, वालबालिका, दलित , अपाङ्ग , जेष्ठ नागरिक जस्ता लक्षित समूदायको विकासको लागि वडालाई निर्धारण भएको सिलिङको कम्तिमा ५ प्रतिशतभन्दा कम नहुने गरी बजेट विनियोजन गर्ने ।

(५) सडक बहेकका अन्य योजनामा रु २ लाख नघटाइ विनियोजन गर्ने ।

(६) वडास्तरीय साना पूर्बाधार विकास एवं मर्मत सभ्मार योजनालाई एकमूष्ठ रु. ५ लाख सम्म विनियोजन गर्न सकिने ।

(७) सबै योजना तथा कार्यक्रम गरी बढीमा जम्मा १५ वटाभन्दा बढी हुने गरी योजना छनौट गर्न नहुने ।

(८) बजेट सीलिङ ले सम्बोधन गर्न बाँकी रहेका योजना/ कार्यक्रमलाई वडा समितिको बैठकले पछिल्लो आ.व. का लागि प्राथमिकताक्रम निर्धारण /सूचीकृत गरी गा.पा मा पेश गर्ने ।

उल्लेखित मार्गनिर्देशनभन्दा फरक हुने गरी वा सो भन्दा बढी संख्यामा योजना प्राथमिकीकरण भै आएमा बढी भएको योजना हटाई तोकिएको सीमा भित्र रहेका योजनाहरुमा समावेश गरिदिने समेत निर्णय गरिएको । वस्तिस्तरबाट संकलन भएका तर वडाबाट बजेट सहित प्राथमिकिकरणमा पर्न नसकेको योजना/कार्यक्रमहरु भए सो को व्यहोरा खुलाई गा.पा. कार्यालयमा उपलब्ध गराइ दिनहुन समेत अनुरोध छ ।

पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत